लोक सेवा आयोग

# बुटवल कार्यालय

(परीक्षा शाखा)

बुटवल, रूपन्देही

☎ ०७१-५४०२०७, ०७१-५५१३२८ फ्याक्स नं- ०७१-५४७८०७ वेवसाइटः www.psc.gov.np इमेल butwal@psc.gov.np


## शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

सूचना नं. ११/०७७-७८ मिति २०७७/०६/२६

लोक सेवा आयोग, केन्द्रिय कार्यालय, काठमाडौंको वि.नं. **१६६९४-१६७००/०७६-७७(खुला तथा समावेशी), नेपाल परराष्ट्र, प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवाको संयुक्त र एकिकृत परीक्षा प्रणाली अन्तर्गत रा.प.तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक)**, पदमा बुटवल र दाङ परीक्षा केन्द्र राखी प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको लिखित परीक्षा कार्यक्रम यस पूर्व स्थगित गरिएकोमा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोकसेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को पालना गर्ने गराउने गरी निम्न मिति र समयमा निम्नानुसारका परीक्षा भवनहरुमा प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**लिखित परीक्षा कार्यक्रम**

| पत्र | बिषय | परीक्षा मिति र समय |
|---|---|---|
| **द्वितीय** (सवै सेवा समुहको लागि) | शासन प्रणाली | २०७७।०७।२३ दिनको १:०० वजे |
| **तृतीय**(सवै सेवा समुहको लागि) | समसामयिक विषय | २०७७।०७।२४ दिनको १:०० वजे |
| **चतुर्थ** (प्रशासन, लेखापरीक्षण र ब्यवस्थापिका संसद सेवाका लागि मात्र) | सेवा समुह सम्बन्धी | २०७७।०७।२५ दिनको १:०० वजे |
| **अतिरिक्त पत्र** (परराष्ट्र सेवाको लागि मात्र) | अग्रेजी भाषा (Extra Paper-I) | २०७७।०७।२६ दिनको १:०० वजे |
| | निति तथा अन्तराष्ट्रिय सम्बन्ध (Extra Paper-II) | २०७७।०७।२७ दिनको १:०० वजे |

**परीक्षा भवन**

| पत्र | रोल नं. | परीक्षा केन्द्र |
|---|---|---|
| **द्वितीय** (सवै सेवा समुहको लागि), **तृतीय** (सवै सेवा समुहको लागि), **चतुर्थ** (प्रशासन, लेखापरीक्षण र ब्यवस्थापिका संसद सेवाका लागि मात्र) | ५५०००५ देखि ५५०६३१ सम्म | श्री कान्ति मा.वि.हाटबजार लाईन, बुटवल। |
| | ५५०६६० देखि ५५१७७३ सम्म | श्री ज्ञानोदय मा.वि, पुलचोक, बुटवल। |
| | ६१०००२ देखि ६१०७५९ सम्म | श्री लोक सेवा आयोग बुटवल कार्यालय (परीक्षा हल), बुटवल । |
| **अतिरिक्त पत्र** (परराष्ट्र सेवाको लागि मात्र) | बुटवल र दाङ परीक्षा केन्द्र राखी प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका सबै उम्मेदवारहरु | श्री लोक सेवा आयोग बुटवल कार्यालय (परीक्षा हल), बुटवल । |

# लोक सेवा आयोग
# बुटवल कार्यालय
(परीक्षा शाखा)

बुटवल, रूपन्देही

☎ ०७१-५४०२०७, ०७१-५५१३२८ फ्याक्स नं- ०७१-५४७८०७ वेवसाइटः www.psc.gov.np इमेल butwal@psc.gov.np


**द्रष्टव्य १**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।
२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ ।
३. वुटवल र दाङ परीक्षा केन्द्र बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरुलाई परीक्षामा सामेल गराईने छैन ।
४. परीक्षा भवनमा झोला, मोबाईल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ ।
५. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई सम्मिलित नगराईने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तिमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ ।
६. परीक्षामा प्रवेशपत्र सँगै आफ्नो नागरीकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ ।

**द्रष्टव्य २ कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरु**

१. परीक्षार्थी आफू कोभिड-१९ को संक्रमणबाट संक्रमित भए/नभएको स्वयमले घोषणा गर्नुपर्नेछ ।संक्रमित परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्न हुने छैन ।
२. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।
३. परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एक आपसमा दुई मिटरको दूरी कायम गर्नु पर्नेछ ।
४. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ।
५. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।
६. परीक्षार्थीहरु समुहमा भेलाहुने, कुराकानी गर्ने गर्नुहुदैन ।
७. उत्तरपुस्तिका बुझाउँदा उत्तरपुस्तिकामा रहेको खाली स्थान काटी बुझाउनु पर्नेछ ।
८. परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो उत्तरपुस्तिका गन्ती गरी उत्तरपुस्तिका बुझाई हस्ताक्षर गरी बाहिर जानु पर्नेछ ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| (चुरा बहादुर कार्की) | (पुष्पराज खनाल) | (कृष्णप्रसाद लम्साल) |
| नायब सुब्बा | शाखा अधिकृत | सहसचिव |